# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु जिल्ला हुलाक कार्यालय, बाराका तत्कालिन ना.सु. बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसाद समेत ६ जना मु.नं (०८१-CR-००९१)<br>फैसला मिति **२०८२/१० /२२** | हुलाक बचत बैंक बारामा बचतकर्ताको रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **जिल्ला हुलाक कार्यालय बारामा तत्कालीन नासु पदमा कार्यरत बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसाद**लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा सोही ऐनको पहिलो संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम सजाय गरी उल्लिखित बिगो रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) सोही ऐनको दफा १७ बमोजिम प्रतिवादी बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादबाट असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर गरिएको।<br>• **जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन कार्यालय प्रमुखहरु जयलाल प्रसाद साह कानू, अदालत प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव, सुजित कुमार साहलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा सोही ऐनको पहिलो संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम सजाय गरि सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी लिई आरोप-पत्र दायर गरिएको।<br>**अदालतको फैसला**<br>• **जिल्ला हुलाक कार्यालय बारामा तत्कालीन नासु पदमा कार्यरत बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसाद**लाई विशेष अदालत, काठमाण्डौवाट बिगो रु.३,३१,५९,५६१/५५ (तीन करोड एकतिस लाख उनान्साठी हजार पाँच सय एकसट्ठी रुपैयाँ पचपन्न पैसा) मात्र कायम गरि निज प्रतिवादी बलीराम प्रसाद कुर्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफल दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी मध्येका बलीरामप्रसाद कुर्मी भन्ने बलीराम प्रसादले हुलाक बचत बैंकको वास्तविक बिगो रु.३,३१,५९,५६१/५५ (तीन करोड एकतीस लाख उनान्साठी हजार पाँच सय एकसट्ठी रुपैयाँ पचपन्न पैसा) हिनामिना गरेको देखिंदा सो अनुसारको बिगो कायम गरि सजाय हुने, निज प्रतिवादी उपर वास्तविक बिगो रु.३,३१,५९,५६१/५५ र सोको ब्याज रु. २,०४,०४,४१७।७७ समेत गरि जम्मा बिगो रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) कायम गरी सजायको मागदावी गरेको देखिंदा ब्याज समेतलाई बिगोमा जोडी बिगो कायम गर्न न्याय र कानून सम्मत नदेखिने।<br>• अन्य प्रतिवादीहरू जयलालप्रसाद साह कानू, सुरेन्द्रप्रसाद यादव, अदालतप्रसाद कुर्मी, सुजितकुमार साह र बुन्निप्रसाद यादवले अख्तियार दुरूपयोग अनुसन्धान आयोग समक्ष एवं यस अदालतसमक्ष बयान गर्दा, आफूहरू हुलाक कार्यालयको प्रमुखको भूमिकामा रहे तापनि हुलाक बचत बैंक सम्बन्धी सेवाग्राहीहरूको जम्मा हुन आएको रकम फाँट प्रमुख बलीरामप्रसाद कुर्मी भन्ने बलिराम प्रसादले बुझी सहीछाप गरी दिएपछि प्रमाणित गरिदिने गरेको र संयुक्त चेकमा निजले सहीछाप गरिसकेपछि कार्यालय प्रमुखको हैसियतले सहीछाप गर्ने लगायतका | • जिल्ला हुलाक कार्यालय, बाराका ना.सु. तत्कालीन कार्यालय प्रमुख समेत रहेका बलीराम प्रसाद कुर्मीले २०६० साल देखि नै बचत बैंकको जिम्मा लिँदै आएको, बचतकर्ताको बचत रकम कुनै अभिलेख नराखी आफु खुसी अपचलन गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न हुलाक सेवा विभागको छानबिन प्रतिवेदन, जिल्ला प्रशासन कार्यालय बाराको प्रतिवेदन, हुलाक सेवा विभाग अन्तर्गतको निकाय केन्द्रीय धनादेश कार्यालयले जिल्ला हुलाक कार्यालय, बारा स्थित हुलाक बचत बैंकको रकम हिनामिनाका सम्बन्धमा छानविन गरी यकिन गरेको एकमुष्ट विवरण, बारा जिल्ला अदालतमा दायर भएको ठगी मुद्दा, बिलभरपाई, बैंक स्टेटमेन्ट, प्रतिवादीहरुको बयान समेतका कागजातहरु अध्ययन विश्लेषण गरि हेर्दा जिल्ला हुलाक कार्यालय, बाराका तत्कालिन ना.सु. प्रतिवादी बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसाद मिति २०५९ सालदेखि हुलाक कार्यालय बारामा कार्यरत रही मिति २०६०/०३/०९ गते देखि हुलाक बचत बैंकको आर्थिक कारोबार गर्दै आएको देखिन्छ। तत्कालीन समयमा कार्यालय प्रमुखको भूमिकामा रहेका जयलाल प्रसाद साह कानू, अदालत प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव, सुजित कुमार साह र बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादले आ-आफ्नो कार्यकालको समयमा हुलाक बचत बैंकमा जम्मा भएको बचतकर्ताहरुको केन्द्रीय धनादेश कार्यालय र हुलाक सेवा विभागको पत्रानुसार साँवा रु. ३,३१,५९,५६१.५५/- अक्षरेपीः (तीन करोड एकतिस लाख उन्नसाठी हजार पाँच सय एकसट्ठी रुपैया पचपन्न पैसा) र ब्याज रु. २,०४,०४,७१७.७७/- अक्षरेपीः (दुई करोड चार लाख चार हजार सात सय सत्र रुपैया सतहत्तर पैसा) गरी जम्मा रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) रकम नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको तथ्य हुलाक सेवा विभागका शाखा अधिकृत गणेश ऐडी समेतले मिति २०८०/०२/१४ मा हुलाक सेवा विभागमा पेश गरेको प्रारम्भिक छानविन तथा अनुसन्धान प्रतिवेदन, जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी समेतको टोलिले मिति २०८०/०१/२६ मा जिल्ला प्रशासन कार्यालमा पेश गरेको प्रतिवेदन, नासु बलीराम प्रसाद कुर्मी सहित कसूरमा संलग्न तत् तत् बखतका ५ जना कार्यालय प्रमुखहरु समेत जना ६ उपर बारा जिल्ला अदालतमा दायर भएको ठगी मुद्दाको विवरण, केन्द्रीय धनादेश कार्यालयले छानविन गर्दा हुलाक बचत बैंक बारामा बचतकर्ताहरुको साँवा ब्याज सहित हिनामिना भएको जम्मा रकम रु. ५,३५,६४,२७९.३३/- (अक्षरेपीः पाँच करोड पैतिस लाख चौसठ्ठी हजार दुईसय उनासी रुपैया तेत्तिस पैसा) हुलाक बचतको दायित्व रहेको यकिन गरेको व्यहोरा हुलाक सेवा विभागको च.नं. १४५१ मिति २०८१/१२/२१ को पत्रसाथ प्राप्त कागजातहरु, बचतकर्ताहरुलाई फिर्ता दिनुपर्ने दायित्व रकम नेपाल सरकारको मिति २०८०/०३/१२ को मन्त्रिपरिषद्को निर्णय, सो निर्णय बमोजिम अन्य जिल्लामा संचालित हुलाक बचत बैंकको नाफा रकमबाट बारा जिल्लामा बचतकर्ताहरुको रकम फिर्ता गरेको विवरण, बचतकर्ताहरुको हिनामिना भएको रकमको हकमा अदालतबाट हुने फैसला बमोजिम निज बलीराम प्रसाद कुर्मी समेतबाट असुल उपर हुने व्यहोरा हुलाक सेवा विभागको मिति २०८१/१२/२१ को पत्र, हुलाक बचत बैंक बारामा बचतकर्ताहरुको रकम हिनामिना भएकोले बचत व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको मिति २०८०/०३/१२ को मन्त्रिपरिषद्को निर्णय बमोजिम बारा जिल्लाका बचतकर्ताहरुलाई रकम फिर्ताका लागी राष्ट्रिय वाणिज्य बैंकसँग सम्झौता भई सम्झौता बमोजिम बचतकर्ताहरुको खातामा राष्ट्रिय वाणिज्य बैंकले रकम जम्मा गरिदिएको बैंक स्टेटमेन्ट सहितका विवरण, सम्झौता पत्र हुलाक सेवा विभागको च.नं. १५४१ मिति २०८२/०१/१० को पत्र समेतका प्रमाण कागजातहरुबाट तत्कालीन समयमा हुलाक कार्यालय प्रमुख र हुलाक बचत बैंकको कामको समेत जिम्मेवारीमा रहेका जयलाल प्रसाद साह कानू, अदालत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरमा सोही दफा ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम ८(आठ) वर्ष कैद र हिनामिना भएको बिगो रु.३,३१,५९,५६१/५५ (तीन करोड एकतीस लाख उनान्साठी हजार पाँच सय एकसट्ठी रुपैयाँ पचपन्न पैसा) जरिबाना गरि सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो रु.३,३१,५९,५६१/५५ (तीन करोड एकतीस लाख उनान्साठी हजार पाँच सय एकसट्ठी रुपैयाँ पचपन्न पैसा) असुल उपर हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन कार्यालय प्रमुखहरु जयलाल प्रसाद साह कानू, अदालत प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव, सुजित कुमार साहलाई** विशेष अदालत काठमाण्डौंबाट निज प्रतिवादीहरुलाई आरोप दाबीवाट सफाई हुने ठहर गरी फैसला भएको देखिन्छ। | कार्यसम्म गरेको, हुलाक बचत बैंक सम्बन्धी काम बलीरामप्रसाद कुर्मीले एक्लै जिम्मा लिई गर्ने गरेको, सरकारी रकम हिनामिना, हानिनोक्सानीमा हाम्रो संलग्नता छैन भनि कसूरमा ईन्कार भएको देखिएको।<br>• कुनै व्यक्तिले प्रत्यक्ष रूपमा रकम लिनु-खानु गरेको ठोस प्रमाण नदेखिए सम्म केवल सहप्रतिवादीको पोल बयानको आधारमा मात्र अर्को प्रतिवादीहरुलाई कार्यस्थलसँगै रहेको कारणले मात्र दोषी ठहर गर्नु न्याय र कानूनको दृष्टिले उचित र जायज हुने नदेखिंदा प्रतिवादीहरू जयलालप्रसाद साह कानु, सुरेन्द्रप्रसाद यादव, अदालतप्रसाद कुर्मी, सुजितकुमार साह र बुन्निप्रसाद यादवले आरोप दावीवाट सफाई पाउने। | प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव, सुजित कुमार साह र बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादले आ-आफ्नो कार्यकालको समयमा हुलाक बचत बैंकमा जम्मा भएको बचतकर्ताहरुको केन्द्रीय धनादेश कार्यालय र हुलाक सेवा विभागको पत्रानुसार साँवा रु. ३,३१,५९,५६१.५५/- (अक्षरेपी तीन करोड एकतिस लाख उन्नसाठी हजार पाँच सय एकसट्ठी रुपैया पचपन्न पैसा) र ब्याज रु. २,०४,०४,७१७.७७/- (अक्षरेपीः दुई करोड चार लाख चार हजार सात सय सत्र रुपैया सतहत्तर पैसा) गरी जम्मा रु.५,३५,६४,२७९.३३/- (पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) रकम नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको तथ्य प्रमाणित भई रहेको देखिदा देखिदै सो प्रमाण कागजातहरुलाई नजरअन्दाज गरि प्रतिवादी मध्येका बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादलाई साँवा रु. ३,३१,५९,५६१.५५/- (अक्षरेपीः तीन करोड एकतिस लाख उन्नसाठी हजार पाँच सय एकसट्ठी रुपैया पचपन्न पैसा) मात्र हिनामिना गरेको ठहर गरि बचतकर्ताहरु ब्याज सहित रकम फिर्ता गर्दा ब्याज वापत ब्याज रु. २,०४,०४,७१७.७७/- अक्षरेपीः (दुई करोड चार लाख चार हजार सात सय सत्र रुपैया सतहत्तर पैसा) समेतको दायित्व यि प्रतिवादीहरुका कारण नेपाल सरकारलाई दायित्व सृजना भएकोले भएकोले साँवा रु. ३,३१,५९,५६१.५५/- र ब्याज रु. २,०४,०४,७१७.७७/- गरि जम्मा रु.५,३५,६४,२७९.३३/- हानी नोक्सानी भएको तथ्य स्थापित देखिंदा देखिंदै एक जना प्रतिवादीलाई साँवा विगो मात्र ठहर गरि बाँकी अन्य जिम्मेवार राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• प्रतिवादी बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादले अनुसन्धानको क्रममा बयान गर्दा मैले मिति २०६०/०३/०९ देखि हुलाक बचत बैंक फाँटको जिम्मेवारी लिएको, मिति २०६०/०३/०९ देखि २०८०/०२/१५ सम्म बचत बैंकमा रहँदा बचत सेवा तर्फ जनताको निक्षेप संकलन गर्ने, चेकको भुक्तानी गर्ने, ऋण लगानी गर्दा ऋणीको लागी तमसुक तयार पार्ने र कार्यालय प्रमुखबाट प्रमाणित गराई अभिलेख राख्ने जस्ता कामहरु गर्ने गरेको, हुलाक बचत बैंकको जिम्मेवारी मिति २०६०/०३/०९ देखि सम्हाल्दै आएता पनि मिति २०६४ सालदेखि तत्कालीन समयमा कार्यरत **कार्यालय प्रमुख जयलाल प्रसाद साह कानूको पालादेखि** बचत बैंकको रकम अपचलन हुन सुरु भएको, मिति २०६४ बैशाख देखि मिति २०८०/०१/१५ सम्म क्रमश जयलाल प्रसाद साह, अदालत प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव र सुजित कुमार साह कार्यालय प्रमुख रहँदा हुलाक बचत बैंकको रकम अपचलन भएको, मिति २०६४ बैशाख देखि मिति २०६५/१०/२१ सम्म जयलाल प्रसाद साह कानुको पालामा कुल रु.२२,००,०००/- अपचलन भएकोमा मलाई रु.२,००,०००/- प्राप्त भएको बाँकी रु. २०,००,०००/- कार्यालय प्रमुख जयलाल प्रसाद साहले राख्नुभएको, उक्त रकम कार्यालय प्रमुख जयलाल प्रशाद साह र म स्वयंको सल्लाहमा बैंक दाखिला नगरी आपसमा बाडँफाडँ गरेको, मिति २०६५ देखि मिति २०७५ सम्म कार्यालय प्रमुख अदालत प्रसाद कुर्मीको पालामा कुल रु. ३५,००,०००/- अपचलन भएकोमा मलाई रु.३,००,०००/-प्राप्त भएको बाँकी रु.३२,००,०००/- (अक्षरेपीःबत्तीस लाख रुपैया) कार्यालय प्रमुख अदालत प्रसाद कुर्मीले राख्नुभएको, बुन्नी प्रसाद यादव कार्यालय प्रमुख रहँदा कुल रु. १०,००,०००/- अपचलन भएकोमा मलाई रु.३,००,०००/- प्राप्त भएको बाँकी रु. ७,००,०००/- कार्यालय प्रमुख बुन्नी प्रसाद यादवले राख्नुभएको, सुरेन्द्र प्रसाद यादव कार्यालय प्रमुख रहँदा मिति २०७५/०६/०१ देखि मिति २०७६/१०/२८ सम्म कुल रु. ३७,५०,०००/- अपचलन भएकोमा मलाई रु. २,५०,०००/- (अक्षरेपीः दुई लाख पचास हजार) प्राप्त भएको र बाँकी रु. ३५,००,०००/- (अक्षरेपीः पैतिस लाख रुपैया) कार्यालय प्रमुख सुरेन्द्र प्रसाद यादवले राख्नुभएको, यसैगरी सुजित कुमार साह कार्यालय प्रमुख रहेको समयमा कुल रु.३५,००,०००/-अपचलन भएकोमा मलाई रु. ३,००,०००/-प्राप्त भएको बाँकी रु. ३२,००,०००/-कार्यालय प्रमुख सुजित कुमार साहले राखु भएको, दोश्रो पटक मिति २०७८ देखि मिति २०७९ कार्तिक सम्म पुनः सुरेन्द्र प्रसाद यादव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालय प्रमुख हुँदा कुल रु. ४०,००,०००/- अपचलन भएकोमा मलाई रु. ५,००,०००/- प्राप्त भएको बाँकी रु.३५,००,०००/- कार्यालय प्रमुख सुरेन्द्र प्रसाद यादवले राखुभएको हो भन्ने समेत ब्यहोराको कसूरमा आफू सावित भई अन्य प्रतिवादीहरुलाई समेत पोल बयान गरेको देखिएको स्थितिमा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को (क) को देहाय (१),(२) र (३) मा उल्लेख भए अनुसार उक्त बयान गर्दा अभियुक्त सचेत अवस्थामा र आफुले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा रहेको, निजलाई बाध्य गरि यातना दिई धम्की दिई निजलाई आफ्नो इच्छा बिरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारि सो कुरा व्यक्त गरेको होइन भन्ने तथ्य पुष्टी भएको अवस्थामा उक्त अनुसन्धानको क्रममा गरेको बयानलाई प्रमाणमा ग्रहण गरि यि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर योग्य छ।<br>• हुलाक बचत बैंक समेतको जिम्मेवारी लिएका २०६४ साल देखि २०८० साल सम्मका कार्यालय प्रमुखहरु रहेका प्रतिवादीहरू जयलालप्रसाद साह कानू, सुरेन्द्रप्रसाद यादव, अदालतप्रसाद कुर्मी, सुजितकुमार साह र बुन्निप्रसाद यादवले अख्तियार दुरूपयोग अनुसन्धान आयोग समक्ष एवं यस अदालतसमक्ष बयान गर्दा, आफूहरू तत्कालिन अवस्थामा हुलाक कार्यालयको प्रमुखको भूमिकामा रहे तथ्यलाई स्वीकार गर्दै हुलाक बचत बैंक सम्बन्धी सेवाग्राहीहरूको जम्मा हुन आएको रकम फाँटप्रमुख बलिरामप्रसाद कुर्मीले बुझी सहीछाप गरी दिएपछि प्रमाणित गरिदिने गरेको र संयुक्त चेकमा निजले सहीछाप गरिसकेपछि कार्यालय प्रमुखको हैसियतले सहीछाप गर्ने लगायतका कार्यसम्म गरेको, हुलाक बचत बैंक सम्बन्धी काम बलिरामप्रसाद कुर्मीले एक्लै जिम्मा लिई गर्ने गरेको, सरकारी रकम हिनामिना, हानिनोक्सानीमा हाम्रो संलग्नता छैन भनि कसूरमा ईन्कार रहेको देखिएतापनि सहअभियुक्त बलिरामप्रसाद कुर्मीले बयान गर्दा कार्यालय प्रमुख रहेका यि प्रतिवादीहरुले समेत लिए खाएको रकम समेत उल्लेख गरि आफू समेत सावित भएको अवस्थामा अन्य प्रतिवादीहरुको आधार कारण विहिन ईन्कारी बयान कै आधारमा हुलाक बचत बैंक समेतको काम कारवाहीको जिम्मेवारी लिएका अख्तियार प्राप्त व्यक्तिहरु प्रतिवादीहरू जयलालप्रसाद साह कानू, सुरेन्द्रप्रसाद यादव, अदालतप्रसाद कुर्मी, सुजितकुमार साह र बुन्निप्रसाद यादवलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर भागी छ।<br>• हुलाक ऐन, २०१९ को दफा ४२ (ख) ले दिएको अधिकार प्रयोग गरी हुलाक बचत बैंक नियमावली २०३३ लागु भई सोही नियमावलीको नियम १३ ले बचत बैंक खाताको जाँच गर्ने जिम्मेवारी कार्यालय प्रमुखलाई तोकिएको देखियो। त्यसैगरी हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३ को दफा ११.७. मा बैंकले गर्नुपर्ने काममा सम्बन्धित फाँटवालाबाट खाताको जाँच गरी कार्यालय प्रमुखबाट प्रमाणित गराउनुपर्ने, बचत बैंकको दैनिक नगदी किताबमा उल्लेख गर्नुपर्ने लगायतका कार्य जिम्मेवारीहरु रहेको देखिन्छ। हुलाक बचत बैंक कार्यसंचालन निर्देशिका, २०६६ को दफा ५० मा हुलाक बचत बैंकको संचालनमा कार्यालय प्रमुखको जिम्मेवारीमा बचत बैंकको कारोबारको अभिलेख सही रुपमा राख्न लगाउने, बचत बैंक सम्बन्धी कारोबारको प्रतिवेदन सम्बन्धित निकायमा समयमै पठाउने लगायतका हुलाक बचत बैंकका सम्पूर्ण काम कारवाही र त्यसको चुस्त दुरुस्त हिसाब राख्न लगाउने अनुगमन सुपरीवेक्षण र नियन्त्रण समेतका जिम्मेवारीहरु कार्यालय प्रमुखको हो भन्ने तथ्यमा विवाद छैन/देखिंदैन। जिल्ला हुलाक कार्यालय बारा स्थित हुलाक बचत बैंकको रकम हिनामिना हानिनोक्सानी दुरुपयोग तथा मसौट गर्दा विभिन्न अवधिका कार्यालय प्रमुखहरुले हुलाक बचत बैंक कार्य संचालन निर्देशिकाको पालना नगरी/नगराई, बचतकर्ताहरुबाट संकलन भएको रकमलाई दैनिक नगदी रजिष्टरमा नजनाई, अभिलेख नराखी, राख्न नलगाई, सर्वसाधरणले बचत गर्न राखेको जम्मा गरेको बचत बैंकको नाममा प्राप्त रकम हिसाब नराखि जानी जानी गैर कानूनी लाभ प्राप्त गरेको, कार्यालयमा प्रविष्टि गरे नगरेको चेकजाँच नगरी, कार्यालयमा अभिलेख नराखी, बैंक दाखिला भए नभएको समेत जाचँबुझ/चेकजाँच नगरी/नगराई, बचत रकमको प्रमाणीकरण नगरी, केन्द्रिय कार्यालयमा समेत जानकारी नगराई कार्यजिम्मेवारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पालना नगर्ने हुलाक बचत बैंक समेतको जिम्मेवारी लिएका २०६४ साल देखि २०८० साल सम्मका कार्यालय प्रमुखहरु रहेका प्रतिवादीहरू जयलालप्रसाद साह कानू, सुरेन्द्रप्रसाद यादव, अदालतप्रसाद कुर्मी, सुजितकुमार साह र बुन्निप्रसाद यादवलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर योग्य छ।<br>• विशेष अदालतवाट प्रतिवादी मध्येका बलिरामप्रसाद कुर्मीको हकमा साँवा रु. ३,३१,५९,५६१.५५/- मात्र ठहर गरि र ब्याज रु. २,०४,०४,७१७.७७/-को हकमा दावी पुग्न नसक्ने गरि भएको फैसलाको हकमा हेर्दा साविकमा संचालित केन्द्रीय धनादेश कार्यालयको छानविन प्रतिवेदनमा हुलाक बचत बैंक बारामा बचतकर्ताहरुको साँवा र बचतकर्ताहरुलाई तत्काल भुक्तानी दिनु पर्ने गरि दायित्व सृजना भएको ब्याज रकम समेत गरि जम्मा रु. ५,३५,६४,२७९.३३/-हानी नोक्सानी भएको तथ्य उल्लेख भई सो अनुसार बचतकर्ताहरुलाई रकम फिर्ता गरेको तथ्य नेपाल सरकारको मिति २०८०/०३/१२ को मन्त्रिपरिषद्को निर्णय समेतबाट पुष्टि भएको देखिंदा बचतकर्ताहरुको रकम फिर्ता गर्नुपर्ने हिनामिना भएको रकमको भन्ने तथ्यमा अन्यथा तर्क गर्नुपर्ने अवस्था देखिंदैन। प्रतिवादीहरुले गरेको हानीनोक्सानीजन्य कार्यवाट नेपाल सरकारलाई साँवा र ब्याज सहितको दायित्व भएको रकम नै वास्तविक नोक्सानी रकम रहेको र सोही अनुसार बचतकर्ताहरुलाई व्याज समेत फिर्ता दिइसकेको अवस्था देखिंदा वचतकर्ताहरुलाई ब्याज रु. २,०४,०४,७१७.७७/- (अक्षरेपी दुई करोड चार लाख चार हजार सात सय सत्र रुपैया सतहत्तर पैसा) समेत नोक्सानी भएको तथ्य पुष्टि भईरहेको अवस्थामा सो तथ्यलाई नजरअन्दाज गरि आंशिक रुपमा साँवा रकम मात्रलाई हानी नोक्सानीको विगो कायम गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर भागी छ।<br>• अतः माथि विवेचित तथ्य आधार तथा प्रमाणहरुबाट हुलाक कार्यालय बारामा हुलाक बचत बैंकको आर्थिक कारोबार गर्दै आएका फाँटवाला नायव सुब्बा प्रतिवादी बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसाद र तत्कालीन समयमा कार्यालय प्रमुखको भूमिकामा रहेका प्रतिवादी जयलाल प्रसाद साह कानू, अदालत प्रसाद कुर्मी, बुन्नी प्रसाद यादव, सुरेन्द्र प्रसाद यादव, सुजित कुमार साहलाई निज प्रतिवादीहरुले हुलाक बचत बैंकको आर्थिक कारोबार तर्फ हानिनोक्सानी हिनामिना गरेको साँवा रु.३,३१,५९,५६१.५५/-(अक्षरेपी तीन करोड एकतिस लाख उन्नसाठी हजार पाँच सय एकसठ्ठी रुपैया पचपन्न पैसा) र बचतकर्ताहरुले कानून बमोजिम दावी गर्ने ब्याज रु.२,०४,०४,७१७.७७/- (अक्षरेपी दुई करोड चार लाख चार हजार सात सय सत्र रुपैया सतहत्तर पैसा) गरी जम्मा रु.५,३५,६४,२७९.३३/- (अक्षरेपी पाँच करोड पैतिस लाख चौसठी हजार दुई सय उनासी रुपैया तेत्तिस पैसा) बिगो कायम गरि आरोप दावी बमोजिम सजाय गर्नुपर्नेमा प्रतिवादी बलीराम प्रसाद कुर्मी भन्ने बलीराम प्रसादलाई साँवा रकम रु. ३,३१,५९,५६१.५५/- मात्र हानिनोक्सानी हिनामिना गरेको ठहर गरि अन्य प्रतिवादीहरुलाई आरोप दावीबाट सफाइ हुने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा उक्त फैसला बदर गरि आरोप पत्रको प्रतिवादी खण्डमा प्रतिवादी कायम गरिएका निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध गरिन्छ। |